## नगर कार्यपालिकाको १६ औं बैठकका निर्णयहरु :-

निर्णय नं. १) : भीमेश्वर नगरपालिका वडा नं. २ पाखलती स्थित दोलखा स्वास्थ्य चौकीमा KFW को सहयोगमा निर्माण हुने स्वास्थ्य चौकी भवन सम्वन्धमा पुरानो भत्काईएको भवनको काठ तथा फलाम लगायतका सामग्रीहरु प्राविधिक मूल्यांकन बमोजिमको अंक रु ९२,१९०/- (वयानब्बे हजार एक सय नब्बे) न्यूनतम् अंक कायम गरी सो को बढाबढ अंकमा लिलाम गर्नका लागि प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २) : भीमेश्वर नगरपालिकाद्वारा तयार पारिएको 'भीमेश्वर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८०' स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३) : भीमेश्वर नगरपालिका वडा नं. १, राङराङथलीमा सानो सुवाल/साङदोर्जे जे.भी. (ठेक्का नं. BMP/NCB/WORKS/2077-078/E/28) बाट निर्माणाधीन थामी संग्रहालयको म्याद मिति २०८० साल भाद्र मसान्तमा समाप्त भएको र बजेट लगायत विविध कारण समयमा काम सम्पन्न हुन नसकेको तथा सम्बन्धित पक्षबाट म्याद थपको लागि कार्यसम्पादन बैंक जमानत सहित निवेदन पेश गरेको हुँदा मिति २०८० साल पौष मसान्तसम्मका लागि सो ठेक्काको निर्माण अवधिको म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. ४) : भीमेश्वर नगरपालिका वडा नं. ३ सातदोवाटो स्थित निर्माणाधीन सपिंग कम्प्लेक्स भवन (ठेक्का नं. BNP/NCB/Works/2078-079/E/10) को म्याद मिति २०८० साल साउन २४ मा समाप्त भएको र विविध कारणले, समयमा काम सम्पन्न हुन नसकेको तथा सम्बन्धित पक्षबाट म्याद थपको लागि कार्यसम्पादन बैंक जमानत सहित निवेदन पेश गरेको हुँदा २०८० ~~पौष २६~~ माघ-२५ गतेसम्मका लागि सो ठेक्काको निर्माण अवधिको म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५) : भीमेश्वर नगरपालिका वडा नं. ३ सातदोवाटो स्थित निर्माणाधीन सपिंग कम्प्लेक्स भवन (ठेक्का नं. BNP/NCB/Works/2078-079/E/10) नगर विकास कोषको ऋण सहयोगमा निर्माण भईरहेको र उक्त भवन निर्माणको क्रममा यहाँको भौगोलिक बनावटको कारणले गर्दा केहि आइटमहरुमा भेरियसन गर्नुपर्ने सम्वन्धमा साथै कभर्ड हल (BNP/NCB/Works/2078-079/E/13), चरिकोट अस्पताल (BNP/NCB/Works/2078-079/E/27), भीमेश्वर रङ्गशाला निर्माण/टुँडिखेल स्तरोन्नति (BNP/NCB/Works/2078-079/E/21) र थामी संग्रहालय निर्माण (BNP/NCB/Works/2078-079/E/28) को समेतको भेरियसन गर्ने सम्वन्धमा विस्तृत रुपमा प्राविधिक अध्ययन गरी प्रतिवेदन पेश गर्न यस नगरपालिकाका पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख ई.श्री सुरेश राउतको संयोजकत्वमा देहायको पाँच सदस्यीय समिति गठन गरी आगामी कार्यपालिकाको बैठकमा सो को प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

तपसिल

संयोजक ई. सुरेश राउत, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख
सदस्य श्री जगदीश अर्याल, बरिष्ठ लेखा अधिकृत, आर्थिक प्रशासन शाखा प्रमुख

२०८०/०६/१०
दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

सदस्य ई.श्री नारायण प्रसाद [illegible], पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा
सदस्य श्री ज्ञानु कुमार खड्का, अधिकृत सातौं, जिन्सी शाखा
सदस्य ई.श्री रामजी थापा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

निर्णय नं. ६ : यस नगरपालिका अन्तर्गतका विभिन्न खोलाहरुमा रहेको ढुङगा, गिट्टी, बालुवा, दहत्तर बहत्तर आय संकलनको ठेक्का बन्दोबस्त गर्ने सम्वन्धमा भीमेश्वर नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८०/०५/०३ गते प्रकाशित बोलपत्रको सूचना अनुसार आय ठेक्का नं. BMP/NCB/GOODS-Revene//२०८०/८१/E/०१ भी.न.पा.२ नागदह क्षेत्र, आय ठेक्का नं. BMP/NCB/GOODS-Revene//२०८०/८१/E/०२ भी.न.पा. २ मच्याङखोला बगर क्षेत्र, आय ठेक्का नं. BMP/NCB/GOODS-Revene//२०८०/८१/E/०४ भी.न.पा. ५ ठूलोबगर क्षेत्रको लागि कुनै पनि बोलपत्र दर्ता नभएकोले दोश्रो पटक पूनः यस अघिको बोलपत्र बमोजिमको सोही सूचना प्रकाशन गर्न र भी.न.पा. ५ ठूलोबगर क्षेत्रमा (आय ठेक्का नं. BMP/NCB/GOODS Revene/ /२०८०/८१/E/०४) को हकमा ठेक्का बन्दोबस्त नभएसम्मका लागि बागमती प्रदेश सरकारले निर्धारण गरेको प्रति घनमिटर राजस्व दररेटको अधिनमा रही प्रचलित कानून बमोजिम कार्यालयबाटै कर्मचारी खटाई अमानतमा राजश्व संकलन गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ७ : यस कार्यालय अन्तर्गत ठेक्का नं. BMP/NCB/WORKS/2074-75-6 को सातदोबाटो बहुउद्देश्यीय भवन (सार्वजनिक शौचालय सहित) को निर्माण कम्पनी श्यामसुन्दर निर्माण सेवा प्रा.लि.ले निर्माण कार्य सम्पन्न गरी मिति २०७९/०३/२७ मा भुक्तानीका लागि रु. १२,९४,२२,८४७/४३ (बाह्र करोड चौरानब्बे लाख बाईस हजार आठ सय सत्चालिस र पैसा त्रिचालिस) अन्तिम ठेक्का बिल पेश गरेको तर अस्वस्थताका कारण देखाई भुक्तानी लिन आउन असमर्थ भएको व्यहोराको निवेदन कार्यालयमा पेश गरेको र त्यसपछि लामो समयसम्म सम्पर्कमा नरहेको र उक्त ठेक्काको म्याद २०७९ आषाढ मसान्तसम्म रहेकोमा पुनः २०८०/०३/२६ मा भुक्तानीका लागि पहिला सम्झौताका बखतमा पेश गरेको 001..PB..50092/19 नं. को कार्यसम्पादन बैंक जमानतलाई निरन्तरता हुने गरी नबिल बैंकले मिति २७ अगस्त २०२३ मा जारी गरेको मिति १७ अक्टोबर २०२३ (२०८०/०६/३०) सम्म म्याद भएको कार्यसम्पादन बैंक जमानत समेत संलग्न राखी निवेदन पेश गरेको हुँदा अन्तिम भुक्तानी प्रयोजनका लागि उक्त ठेक्काको म्याद मिति २०८०/०६/३० गतेसम्म थप गर्ने नगर कार्यपालिकाको १५ औं बैठकबाट निर्णय भए बमोजिम बजेट शी. नं. १७४ को कभर्ड हल निर्माण आयोजनमा विनियोजित बजेट रकम मध्येबाट प्राविधिक मूल्यांकनको आधारमा यस अघि नै स्वीकृत भएको अन्तिम ठेक्का बिल बमोजिमको रकम रु २,०५,९५,४९०।६१ (दुई करोड पाँच लाख पन्चानब्बे हजार चार सय नब्बे र पैसा एकसठ्ठी) मध्ये रु १,५०,००,०००।०० (एक करोड पचास लाख मात्र) भुक्तानी भैसकेकोमा बाँकी रु ५५,९५,४९०।६१ (पचपन्न लाख पन्चानब्बे हजार चार सय नब्बे र पैसा एकसठ्ठी) (मु.अ.कर समेत) उक्त प्रा.लि. लाई भुक्तानी दिन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र सो को अनुमोदन गर्नका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ८ : USAID अन्तर्गतको तयार नेपाल परियोजनाको आर्थिक तथा IHRR को प्राविधिक सहयोगमा यस नगरपालिकाको पहिरो सूचना प्रणाली भीनपा १ मा जडान भईसकेको र उक्त प्रणालीलाई व्यवस्थित रुपमा संचालनमा ल्याउन "भीमेश्वर नगरपालिकाको पहिरो सूचना प्रणाली सन्चालन कार्यविधि, २०८०" निर्माण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : यस नगरपालिकाद्वारा तयार पारिएको "विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमणिका स्व-मूल्यांकन प्रतिवेदन, २०८०" अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : भीमेश्वर नगरपालिकाका सबै ९ वटै वडाहरुमा वडा दशै, तिहार र छठ पर्वलाई लक्षित गरी सम्वन्धित वडाहरुले नै वर्षादको पानीबाट बिग्रिएका/अवरुद्व भएका सडकहरु खोली यातायात सुचारू गर्नका लागि बजेट शीर्षक नं. १५७ को **मर्मत सम्भार कोष**बाट खर्च व्यहोर्ने गरी प्रत्येक वडालाई अधिकतम रु ५०,०००/- (पचास हजार) का दरले उपभोक्ता समितिमार्फत गरेका कार्यको प्राविधिक मूल्यांकनको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ११ : यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रममा रहेको देहायका योजना संशोधनका लागि वडा समितिको बैठकबाट निर्णय गरी सम्वन्धित वडा कार्यालयबाट सिफारिस भई आएकोले आगामी नगर सभाबाट अनुमोदन गराउने गरी तपसिल बमोजिम शीर्षकान्तर/रकमान्तर गर्ने निर्णय गरियो ।

वडा नं. २

| क्र.स. | बजेट शीर्षक नं. | साविक योजनाको नाम | रकम रु | संशोधित योजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | २३४ | चामसाली खुल्ला व्यायामशाला निर्माण | २,००,००० | भैरव कुमारी घर निर्माण | २५,००,०००/- (पच्चिस लाख) |
| २ | २३८ | स्थानीय जातको अचार पुष्प उत्पादन झोला उत्पादन बाटेको धुप उत्पादन | ४,००,००० | | |
| ३ | २४१ | डवाकुगुठी कर्वो वातिचा बाटो | २,००,००० | | |
| ४ | २४३ | पुखुर्चा सडक मर्मत | २,००,००० | | |
| ५ | २४५ | पाखलती मन्जुश्री मार्ग | २,००,००० | | |
| ६ | २५० | थाछे बाटो | २,००,००० | | |
| ७ | २६४ | पाखलती सिंहवन गणेशथान बाटो | ३,००,००० | | |



२०८०/०६/१० दीपक प्रसाद खनिवडा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | २७३ | भीमेश्वर उद्यान प्रतिक्षालय निर्माण | १,००,००० | | |
| ९ | २७४ | नक्छे गोरेटो बाटो | २,००,००० | | |
| १० | २७५ | योजना सम्भाव्यता अध्ययन | ३,५०,००० | | |
| ११ | २७० | बुद्ध विहार | १,५०,००० | | |
| १२ | २३९ | विपद व्यवस्थापन | १,००,००० | वर्षाले अवरुद्ध सडक खुलाउने कार्य | १,००,०००/- |
| १३ | २६९ | वडास्तरीय पूर्वाधार कार्यक्रम व्यवस्थापन | ७,००,००० मध्येबाट | पशुपन्छीको औषधी खरिद, नेपाल रेडक्रस सोसाईटी उपशाखा दोलखा छाना निर्माण | १५,०००/- १,००,०००/- |

वडा नं. ३

| क्र.स. | बजेट शीर्षक नं. | साविक योजनाको नाम | रकम रु | संशोधित योजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | २९४ | समता मार्ग बाईपास सडक | ३,००,००० | सशस्त्र प्रहरी बल प्रतिक्षालय निर्माण | ३,००,००० |

वडा नं. ४

| क्र.स | बजेट शीर्षक नं. | साविक योजनाको नाम | रकम रु | संशोधित योजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | ३३७ | समृद्धी मार्ग सडक स्तरोन्नति एवम् खानेपानी मर्मत | ४,००,००० | समृद्धी मार्ग सडक स्तरोन्नति | ४,००,००० |
| २ | ३३९ | पुरानोचौर गोवर्द्धन गोरेटोबाटो स्वारा सडक स्तरोन्नति | ४००,००० | पुरानोचौर गोवर्द्धन गोरेटो बाटो स्तरोन्नति | ४००,००० |
| ३ | ३४८ | सापकोटा टोल सडक तथा मेलघुम्ती वडा | ५००,००० | सापकोटा टोल सडक पक्की नाला निर्माण | ५००,००० |

भीमेश्वर नगरपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यालय जोड्ने पक्कि गोरेटो बाटो निर्माण | | | |
| ४ | ३५२ | घोगेडी लामीडाँडा-कोले बाँचिला गोरेटो बाटो निर्माण | ५००,००० | घोगेडी लामीडाँडा गोरेटो बाटो निर्माण | ५००,००० |

वडा नं. ६

| क.स. | वजेट शीर्षक नं. | साविक योजनाको नाम | रकम रु | संशोधित योजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | ४१७ | रामकोट समाज विकास | ४,००,००० | चरङ्गे घाट निर्माण | ४,००,०००/- |
| २ | ३९८ | युवा रोजगार तथा सीप विकास कार्यक्रम | २,५०,००० | जनजाति साँस्कृतिक संग्रहालय | २,५०,०००/- |
| ३ | ४०० | महिला आयआर्जन कार्यक्रम | २,००,०००/ मध्येबाट | गर्भवती सुत्केरी पोषण कार्यक्रम<br>५० वर्ष नाघेका सा. सु. भत्ता प्राप्त नहुने एकल महिला तथा पुरुषलाई प्रोत्साहन कार्यक्रम | ५०,०००/-<br>५०,०००/- |
| ४ | ४०५ | भेटनरी गोरेटो बाटो | २,००,००० | फलामेटनेल वितरण | २,००,०००/- |
| ५ | ४०१ | विपद व्यवस्थापन | २,००,००/ मध्येबाट | तीनघरे धारा निर्माण | १,००,०००/- (एकलाख) |

२०८०/६/१०
दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

वडा नं. ७

| क्र.स. | बजेट शीर्षक नं. | साविक योजनाको नाम | रकम रु | संशोधित योजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | ४३१ | वडा पूर्वाधार विकास कार्यक्रम | ८,००,००० | क) जेष्ठ नागरिक (७५ वर्षदेखि) सामाजिक सुरक्षा कार्यक्रम<br>ख) विधुर पुरुष (४० वर्ष देखि) सहायता कार्यक्रम<br>ग) जेष्ठ नागरिक सहायक सामग्री वितरण<br>घ) वडा पूर्वाधार विकास कार्यक्रम | २,३५,०००<br>१,३५,०००<br>२,५०,०००<br>१,४०,००० |
| २ | ४२४ | नमूना कृषि तथा प्रांगारिक खेती युवा स्वरोजगार /उद्यम विकास कार्यक्रम | १४००,००० | क) कुप्री काउलेमुनी मसानघाट निर्माण<br>ख) सिमटोल गोरेटो बाटो निर्माण<br>ग) चापे गोरेटो बाटो निर्माण<br>घ) खेलकुद कार्यक्रम<br>ङ) कृषि कार्यक्रम | १,५०,०००<br>२,००,०००<br>१,५०,०००<br>१,५०,०००<br>७,५०,००० |

निर्णय नं. १२ : विविध निर्णयहरु : -

क) लालीगुराँस युवा क्लव चरिकोटले चरिकोट बजारमा विभिन्न किसिमका परम्परागत जात्राहरु संरक्षण तथा सन्चालन गर्न सहयोग माग गरेकोले धार्मिक साँस्कृतिक तथा भाषा एवम् जात्रा पर्व सन्चालन बजेट शीर्षक मध्येबाट अन्य वडाका जात्रापर्व सन्चालनका लागि छुट्याइएको रु २,००,०००/- मध्येबाट थप रु १,००,०००/- (एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।

ख) भीमेश्वर नगरपालिका वडा नं. ४ टहलेमा सन्चालन हुने परम्परागत "टहलेश्वोर" जात्रापर्व सन्चालन गर्नका लागि धार्मिक साँस्कृतिक तथा भाषा एवम् जात्रा पर्व सन्चालन बजेट शीर्षक मध्येबाट अन्य वडाका जात्रापर्व सन्चालनका लागि छुट्याइएको रु २,००,०००/-मध्येबाट रु ५०,०००/- (पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

ग) यस नगरपालिका वडा नं. २ र ३ स्थित मच्याङखोलामा गत वर्ष २०७९/०८० मा आएको बाढीले तल्लो मच्याङखोला स्थित चलनचल्तीको बाटोमा क्षति पुऱ्याएको हुँदा सो को पुनर्निर्माणका लागि सिढी निर्माण गर्न विपद् व्यवस्थापन कोषबाट नियमानुसार खर्च गर्ने गरी रु ५०,०००/ (पचास हजार)उपलब्ध गराउने निर्णय गरियो ।

घ) यस नगरपालिका वडा नं. २ स्थित ईन्द्रदेव सिं पार्कमा हालैको वर्षाको कारण आएको पहिरो नियन्त्रण व्यवस्थापनका लागि विपद व्यवस्थापन कोषबाट नियमानुसार खर्च गर्ने गरी रु १,००,०००/(एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।

२०८०/०६/१० दीपक प्रसाद खतिवडा प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

ङ) यस नगरपालिका वडा नं. २ का [illegible]पालीको घर गत वर्षको वर्षातको समयमा मच्याङखोलाको बाढीले बगाई निज पूर्ण रुपमा विस्थापित भएको र निजको अन्यत्र बसोबासको व्यवस्था नभएकोले निजलाई भाडाको घरमा अस्थायी व्यवस्थापन गरिदै आएकोमा निजलाई यस अघिदेखि दिईदै आएको घर भाडा वापतको भुक्तानी हुन बाँकी रकम प्रति महिनाको रु.२०००/- (दुई हजार) का दरले निजलाई घरभाडा उपलव्ध गराउने निर्णय गरियो ।

च) यस नगरपालिका वडा नं. १ स्थित बोसिम्पा खोलामा बर्षादको बाढीले काठेपुल बगाई आवत जावतमा बाधा परेकोले उक्त दुईवटा अस्थायी काठेपुल निर्माणका लागि नियमानुसार खर्च गर्ने गरी जम्मा रु १०,०००/-(दश हजार) विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

छ) यस नगरपालिका क्षेत्रभित्र रहेका विद्युतका पुराना काठे पोल र नाङ्गो तारका कारण बेला बखतमा दुर्घटना भई जनधनको क्षतिका घटना घटीरहेको तथा यस नगर क्षेत्रमा रहेका काठको पोल र नाङ्गो तारहरु क्रमशः विस्थापित गर्ने नीति रहेकोले यस नगरपालिका क्षेत्रभित्र रहेका काठका पोलहरु र विद्युतका नाङ्गो तार विस्थापित गरी फलामे पोल र इन्सुलेटेड तारको व्यवस्था गरिदिन नेपाल विद्युत प्राधिकरण, दोलखा मार्फत नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय, काठमाडौंमा अनुरोध गरी पत्राचार गर्ने निर्णय गरियो ।

ज) यस नगरपालिका वडा नं. ९ स्थित भीमेश्वर प्रवेशद्वारमा रहेको नगर पर्यटन सूचना केन्द्र तथा डिजिटल बोर्डलाई व्यवस्थित गर्ने र पर्यटकमैत्री सूचनाहरु तथा थप सन्देशमूलक सूचना बोर्ड (होर्डिंग बोर्ड) राख्नका लागि बजेट सि. नं. १६८ बाट सो को कार्यान्वयन गर्ने निर्णय गरियो ।

झ) चालु आर्थिक वर्ष २०८०/०८१ को बागमती प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत यस नगर भित्रका कृषि सड्क (वडा नं. २, ३, ८ र ९ को लागि) मा विनियोजित बजेट रु ३०,००,०००/- (तीसलाख) मध्ये वडा समितिबाट सिफारिस भई आएका देहायका कृषि सडकहरुमा तपसिल बमोजिम खर्च गर्ने गरी बाँडफाट गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | वडा नं. | सडकको नाम | बजेट रकम रु. | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | २ | कतछी - वुनिगु:कृषि सडक | रु.७,५०,०००/- | ३०,००,०००/- (तीसलाख) | |
| २ | ३ | समता मार्ग -बाइपास :कृषि सडक | रु.७,५०,०००/- | | |
| ३ | ८ | लप्से - कार्कीगाउँ:कृषि सडक | रु.७,५०,०००/- | | |
| ४ | ९ | बाहुनकाटे-पोखरे-एक्लेचौर:कृषि सडक | रु.७,५०,०००/- | | |

२०८०/०६/१०
दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत